प्रतिदिन पुग्यो वार्षिकोत्सव

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१५ ।। अङ्क : १३० ॥ २०८० असार ०६ गते बुधबार (21st Jun 2023 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

गरामनीको देवी गुठीको ८ विगाह जग्गा हिनामिना

झापा(प्रस) ।डोमालाल राजवंशीले बिर्ताबजारको दुर्गा मन्दिरलाई दिएको १२ विगाह जग्गा भूमाफियाहरुले बेचेर खाएजस्तै गरामनीको दुर्गा मन्दिरलाई एकजना राजवंशीले दान दिएको जग्गासमेत हिनामिना भएको छ ।एकजना राजवंशी समुदायका दाताले गरामनीको दुर्गा मन्दिरलाई दिएको ८ विगाह जग्गा हिनामिना भएको हो । बिर्तामोड- ८ देउनियामा रहेको सो जग्गा विभिन्न व्यक्ति र संस्थाले कब्जा गरेका छन् ।

सो जग्गाको बारेमा स्थानीय सरकारदेखि मन्दिर व्यवस्थापन समिति पनि बेखबर छ । देवी गुठीको नाममा रहेको धेरै जग्गा दिनेश महत र उनको परिवारले जोतभोग गरिरहेका छन् । उनीहरु कसैलाई पनि ठेक्का बुझाउँदैनन् । आफूहरुले जोतेको त्यस जग्गामा उनीहरुले तीनवटा घरसमेत बनाएका छन् । त्यस्तै करिव एक विगाह जग्गा शुक्रराज आधारभूत विद्यालयले हिनामिना गरेको देखिन्छ । करिव १० कट्ठा जग्गा विद्यालयले चर्चेको छ भने बाँकी १० कट्ठा जग्गामा विद्यालयले विभिन्न व्यक्तिहरुलाई राखेको छ । १० वटा घर निर्माण गरिसकेका ती व्यक्तिहरु देवी गुठीको त्यस जग्गालाई नम्बरी बनाउनतर्फ लागेका छन् । उनीहरुले आफूहरु बसेको घरजग्गाको लगत तयार गर्न लगाई धनीपूर्जाको लागि पहल गरिरहेका छन् । धनीपूर्जा दिनको लागि बिर्तामोड नगरपालिकाले सिफारिस दिइसकेको छ । गरामनीको देवी गुठीको जग्गा संरक्षणविहीन बनेको हो । २०४६ अघि साविक गरामनी गाउँ विकास समिति हुँदा जग्गा कमाउनेहरुले ठेक्का बुझाउने गरेका थिए । तर, त्यसयता उनीहरुले ठेक्का बुझाएका छैनन् । जिम्मेवार बिर्तामोड नगरपालिकाले पनि खोजीनीति गरेको छैन । देवी गुठीलाई जग्गा दिने दाताको खोजी गरिएको छैन भने देवी गुठीको जग्गा कहाँ र कुन अबस्थामा छ त्यो पनि खोजी गरिएको छैन ।गरामनी गाउँ पञ्चायत भएका बेला जनप्रतिनिधि रहेका डिल्लीकुमार मैनाली र उनका पिता गोपिचन मैनालीले त्यस जग्गामा आफूखुशी गरेका थिए । उनीहरुले नै त्यस जग्गालाई पजनी गर्ने काम गरेका थिए ।बिर्तामोड -भद्रपुर सडकको दुवैपट्टी रहेको त्यस मूल्यवान जग्गालाई कसैले पनि संरक्षण नगरेको स्थानीय हरि गौतम बताउँछन् । 'बिर्तामोड नगरपालिकाले हेरेको छैन , वडा कार्यालयले पनि हेरेको छैन' उनले भने,' देवी गुठीको जग्गा के गर्ने भनेर कसैलाई वास्तै छैन ।' केही वर्षअगाडि मेयर ध्रुवकुमार शिवाकोटीको पालामा उद्योग वाणिज्य महासंघले कृषि प्रशोधन केन्द्र खोल्न भनेर बिर्तामोड नगरपालिकासंग सो जग्गा लिजमा लिने चर्चा चलेको थियो ।तर, त्यो चर्चा त्यतिकै सेलायो ।त्यसपछि शिवाकोटीकै कार्यकालमा नाथन कलेजले पर्यटन कलेज खोल्ने भनेर चर्चा पनि सुनियो । नगरपालिकासंग सल्लाह गरेर सो कलेज संभौताको लागि नआएको बिर्तामोड नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिनाले बताए ।

झापाका अधिकांश मठमन्दिर र विद्यालयहरुलाई राजवंशी समुदायले जग्गा दान दिएका थिए । दान दिएका जग्गा यसरी नै मासिएको छ । आफ्नो समुदायले पवित्र उद्धेश्यले दान दिएको जग्गा यसरी बेचिखानु र हिनामिना गर्नु दुःखलाग्दो भएको राजवंशी विकास प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशी बताउँछन् ।

दुर्घटनामा सुदूरपश्चिमका मन्त्री सिंहको मृत्यु

झापा(प्रस) ।सवारी दुर्घटनामा गम्भीर घाइते भएका सुदूरपश्चिमका आन्तरिक मामिलामन्त्री पृथ्वीबहादुर सिंहको मृत्यु भएको छ । उपचारका क्रममा मन्त्री सिंहको कोहलपुरस्थित नेपालगन्ज मेडिकल कलेजले मृत घोषणा गरेको हो ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी भरत बोहराका अनुसार अस्पतालले मन्त्री सिंहलाई ५ बजेर ३३ मिनेटमा मृत घोषणा गरेको हो ।

गम्भीर घाइते भएका सिंहलाई नेपाली सेनाको हेलिकप्टरमार्फत कोहलपुर लगिएको थियो । दुर्घटनामा परेका मन्त्री सिंहकी पत्नी अमृता सिंह र उनकी भाउजू जयादेवी सिंहको भने बझाङको केदारस्युँ गाउँपालिकामा रहेको देउरा प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भएको थियो ।

दुर्घटनामा घाइते भएका मन्त्रीका पीएसओ सहायक प्रहरी हवल्दार दीपक भण्डारी र गाडी चालक धर्मराज जोशीको नेपालगन्ज मेडिकल कलेजमा उपचार भइरहेको छ । उनीहरूको अवस्थामा पनि गम्भीर रहेको अस्पतालले जनाएको छ ।

सुदूरपश्चिम सरकारका मन्त्री सिंह चढेको सुपप्र ०१००१ झ ४८० नम्बरको गाडी डडेलधुराबाट चैनपुर आउने क्रममा मंगलबार दिउँसो दुई बजेतिर केदारस्युँ गाउँपालिकाको धारछडानजिकै दुर्घटना भएको थियो । गाडी सडकबाट अन्दाजी ५० मिटर तल कालंगा खोला किनार बजुवा बगरमा खसेको थियो । मन्त्री सिंह गत चुनाव बझाङ प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ मा कांग्रेसबाट निर्वाचित भएका थिए ।

सुदूरपश्चिममा बुधबार शोक बिदा

झापा(प्रस) । सुदूरपश्चिम प्रदेश सरकारले बुधबार प्रदेशभर शोक बिदा दिने निर्णय गरेको छ । मंगलबार सवारी दुर्घटनामा निधन भएका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको शोकमा सार्वजनिक बिदा दिने निर्णय गरिएको हो । आर्थिक मामिलामन्त्री नरेशकुमार शाहीले भने, ' आकस्मिक रुपमा बसेको मन्त्रिपरिषद् को बैठकले बुधबार शोक बिदा दिने र राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय भएको छ ।' मन्त्री नियुक्त भएपछि पहिलो पटक गृहजिल्ला बझाङ जाने क्रममा मन्त्री सवार सुपप्र ०१००१ झ ४८० नम्बरको गाडी बझाङको केदारस्युँ गाउँपालिकाको धारछडानजिकै दुर्घटना भएको थियो । सँगै दुर्घटनामा परेका मन्त्री पत्नी अमृता सिंह र भाउजू जयादेवी सिंहको बझाङको स्थानीय देउरा प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भएको थियो । गम्भीर घाइते भएका मन्त्री सिंहलाई नेपाली सेनाको हेलिकप्टरमार्फत कोहलपुर लगिएको थियो । अस्पताल पुऱ्याएको ३५ मिनेटपछि नेपालगन्ज शिक्षण अस्पतालले मन्त्री सिंहलाई मृत घोषणा गरेको थियो ।

नगरस्तरीय साँस्कृतिक तथा विज्ञान प्रदर्शनी

भद्रपुर(प्रस) । भद्रपुर नगर शिक्षा शाखाको आयोजनामा नगरस्तरीय साँस्कृतिक प्रतियोगिता तथा विज्ञान प्रदर्शनी सम्पन्न भएको छ ।

नगरमा रहेका ६२ वटै विद्यालयहरूले प्रतिष्पर्धा गरेको प्रतियोगिताको विज्ञान प्रदर्शनीमा ग्यालेक्सी प्रथम, होलिल्याण्ड द्वितीय, पृथ्वी निमावि तृतीय र ग्रिनफिल्ड माविले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् भने नृत्यतर्फ आधारभूत तहका लागि ग्रिनफिल्ड प्रथम, सिता निमावि द्वितीय, आदर्श मावि तृतीय र हिमालयन माविले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् । त्यस्तै माध्यमिक विद्यालयतर्फ नृत्यमा प्रथम विभूति विद्या मन्दिर र होलील्याण्ड, द्वितीय अरनिको मावि र ग्रिनफिल्ड, तृतीय वीरेन्द्र र ग्यालेक्सी तथा सान्त्वना मोरान र एमरल्ड एकाडेमी भएका छन् ।

नेपालले अमेरिकालाई ६ विकेटले हरायो

झापा(प्रस) । भीम सार्कीको अर्धशतकीय पारीमा नेपालले विश्वकप छनोटमा पहिलो जित हात पारेको छ । मंगलबार नेपालले अमेरिकालाई ६ विकेटले हराएको हो । २०८ रनको विजयी लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको नेपालले ४३ ओभरमा ४ विकेट गुमाउँदै जित हात पारेको हो ।

नेपालका लागि भीम सार्कीले अविजित रहँदै सर्वाधिक ७७ रन बनाए । ११४ बल सामना गरेका उनले ७ चौका र १ छक्काको सहयोगमा उक्त योगफल तयार पारेका हुन् । दीपेन्द्रसिंह ऐरीले पनि अविजित रहँदै ३९ रन बनाए । ३२ बलमा ५ चौका र १ छक्कासहित उनले यो योगफल तयार पारेका हुन् । त्यस्तै ओपनर कुशल भुर्तेलले ३९ रन बनाए ।

अमेरिकाका लागि सौरभ नेत्रवाल्कर, नोस्तुस केन्जिगे, निसर्ग पटेल र स्टिभन टेलरले १/१ विकेट लिए ।

यसअघि नेपालसँग टस हारेर पहिले ब्याटिङ गरेको अमेरिका ४९ ओभरमा २ सय ७ रनमा अलआउट भएको थियो । अमेरिकाका लागि

❖ बाँकी अन्तिम पृष्ठमा

खेलकुदको दीर्घकालीन विकास गर्ने मन्त्री लिम्बूको प्रतिबद्धता

भद्रपुर(प्रस) । संघीय युवा तथा खेलकुद मन्त्री डिकबहादुर लिम्बूले खेलकुदको दीर्घकालीन विकासका लागि खेलाडीको जीवन विमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार गर्ने तयारी थालिएको जानकारी दिएका छन् ।

मेची अञ्चलकै पुरानो रंगशालाको पहिचान पाएको मेची रंगशालाको स्थलगत अनुगमनका लागि भद्रपुर आइपुगेका मन्त्री लिम्बूले झापा जिल्ला खेलकुद समितिको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

विगतमा आफू पनि खेलाडी रहेको स्मरण गर्दै मन्त्री लिम्बूले सन्सारलाई जित्ने माध्यम खेल भएकोले यसको विकासका लागि खेलाडीको जीवन सुरक्षा नै खेलको दीर्घकालिन संरक्षण

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्तामोड नगर स्काउटले मनायो स्थापना दिवस

बिर्तामोड (प्रस) । बिर्तामोड नगर स्काउटले ७२ औं नेपाल स्काउट स्थापना दिवस प्रभातफेरीसहितको वृक्षरोपण गरी मनाएको छ । महेन्द्र रत्न माविबाट शुरु भएको प्रभातफेरी बिर्ताबजार परिक्रमा गरी विराटपोखरीमा वृक्षरोपण गरेर समापन भएको थियो । उक्त कार्यक्रममा प्रमुख स्काउट नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तिलचन भण्डारी, विराट सरोवर बहुउद्देश्यीय विकास समिति

अध्यक्ष इन्द्र प्रसाईं, अन्य पदाधिकारीहरु, स्काउट सहायक राष्ट्रिय प्रशिक्षक नारायण

❖ बाँकी अन्तिम पृष्ठमा

चार लाख घुससहित तीन कर्मचारी पक्राउ

झापा(प्रस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन इकाई दमक झापामा कार्यरत आयोजना व्यवस्थापकसहित तीन कर्मचारीलाई चार लाख घुस रकमसहित पक्राउ गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार आयोगको टंगाल र इटहरीबाट गएको संयुक्त टोलीले आयोजना व्यवस्थापक हुतराज चौहान, इञ्जिनियर रविन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई घुससहित कार्यालय परिसरबाटै पक्राउ गरेको हो । सडक निर्माणका लागि अन्तिम बिल भुक्तानीका लागि सहजीकरण गरिदिए वापत उनीहरुले निर्माण व्यवसायीबाट घुस लिएको अवस्थामा मंगलवार नियन्त्रणमा लिइएको र थप अनुसन्धान भइरहेको जनाइएको छ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, दाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाशरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाशरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/मिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

सप्तकोशीको कटान सुरु

झापा(प्रस) । सप्तकोशी नदीमा आएको बाढीले सुनसरी र उदयपुरको बीचमा पर्ने श्रीलंका टापुमा कटान सुरु गरेको छ । सुनसरीको बराहक्षेत्र नगरपालिका-६ को शिबाइ टोल क्षेत्र र उदयपुर जिल्लाको बेलका नगरपालिका-८ को पश्चिमी भागमा पर्ने श्रीलंका टापुमा मंगलबार दिउँसोबाट कटान सुरु गरेको हो ।

बेलका ८ मा अघिल्लो वर्ष कटानमा परेको लाहुरे खोँचभन्दा केहीमाथि पश्चिमतर्फ पनि तीव्र रूपमा कटान भइरहेको बेलका नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष जयकुमार राईले बताए ।

पूर्वी पहाडी जिल्लामा केही दिनदेखि परेको अविरल वर्षापछि कोशी नदीमा अत्यधिक पानीको बहाव बढेको छ ।

कटान गरेको स्थानबाट बाढी गाउँ पसे बेलका नगरपालिकाको ३ वटा वडाको मानव बस्ती जोखिममा पर्नेछ । बेलकाको वडा नम्बर ८ र ९ अन्तरगत पर्ने सिमलटार र धौरीका साथै वडा नम्बर ३ को दुर्गा बन्दी, मिलन चोक, एबीसी टप्पु, बुधबारे लगायतका गाउँ प्रभावित हुने बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले बताए । नदीको कटान रोक्नका लागि तत्काल तार जाली लगाउने योजना बनाइएको उनले बताए ।

यसैबीच उत्तर दक्षिण कोशी राजमार्गअन्तर्गत संखुवासभाको मकालु गाउँपालिका सडकखण्ड अवरुद्ध भएको छ । सोमबार साँझ परेको पानीले बाटो बगाएपछि यातायात अवरुद्ध भएको हो ।

मकालु गाउँपालिकाको देउराली, नुमबजार छेउ, फ्याक्सिन्दा दोभानपारी, सामाटार लगायतका ठाउँ ठाउँमा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ । पहिरो र बाढीको कारण ठाउँ ठाउँमा बाटो भत्किएपछि जिल्लाको उत्तरी क्षेत्रतर्फ जाने सवारीसाधन सञ्चालन हुन सकेको छैन । यस सडकमार्फत मकालु गाउँपालिका र भोटखोलाका नागरिकहरु आवतजावत गर्ने गर्दछन् ।

नेपालले...

सायन जाँहागिरले अविजित १०० रन बनाए । त्यस्तै सुशान्त मोदानीले ४२ रन बनाउँदा गजानन्द सिंहले २६ रनको योगदान गरे ।

नेपालका लागि करण केसीले ९ ओभरमा ३ मेडन राख्दै ३३ रन खर्चेर ४ विकेट लिए । त्यस्तै दीपेन्द्रसिंह ऐरीले २ विकेट लिए । उनले ५ ओभरमा १५ रनमात्र खर्चे । त्यस्तै गुल्शन झाले १० ओभरमा ५२ रन खर्चेर कुल ३ विकेट लिए ।

कुशल भुर्तेलको ९९ रनमा नेपालले २ सय ९० रन बनाए पनि पहिलो खेलमा घरेलु टोली जिम्बावेसँग ८ विकेटले पराजित भएको थियो । अमेरिका पहिलो खेलमा वेस्ट इन्डिजसँग ३९ रनले पराजित भएको थियो ।

नेपालले आगामी खेलमा बिहीबार वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गर्नेछ । यसै वर्ष अक्टोबर-नोभेम्बरमा भारतमा हुने विश्वकपका लागि छनोट आधार रहेको विश्वकप छनोट प्रतियोगितामा नेपाल समावेश समूह 'ए' मा टेस्ट राष्ट्रद्वय वेस्ट इन्डिज र जिम्बावेसहित नेदरल्यान्ड्स र अमेरिका छन् । त्यस्तै श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र यूएई समूह 'बी' मा छन् । समूहका शीर्ष ३ टोली सुपर लिगमा पुग्नेछन् । त्यसबाट शीर्ष दुई टोली फाइनल पुग्दै भारतमा हुने विश्वकपलाई छानिने छन् ।

एक करोडमा नयाँ सहर !

झापा(प्रस) । बसाइसराइ रोक्न तथा क्षेत्रीय विकासमा सन्तुलन ल्याउन सरकारले १२ वर्षअघि मध्यपहाडी लोकमार्गले छोएका १० वटा ठाउँमा नयाँ सहर निर्माण गर्ने योजना अघि सा-यो ।

पछि नयाँ सहरको संख्या थपिँदै गयो अहिले त्यस्ता सहरको संख्या ५४ वटा पुगेको छ, सरकारले पनि ती सहरका लागि कनिका छरे बजेट विनियोजन गर्ने गरेको छ । नयाँ सहर आयोजनका आयोजना प्रमुख एकराज अधिकारीका अनुसार ५४ वटा नयाँ सहरमध्ये अधिकांशमा एउटा भवन बन्ने जति रकम पनि छुट्याइएको छैन । सहरी विकास मन्त्रालयका अनुसार नयाँ सहरको प्रगति १२ वर्षमा बढीमा ५ प्रतिशत मात्र छ । नयाँ सहरको संख्या थपिदै जाँदा प्रगति भने शून्यसरह भएको छ । सरकारले हरेक वर्ष २ र ३ अर्ब रुपैयाँ नयाँ सहरका लागि छुट् याउने गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० मा सरकारले नयाँ सहरका लागि ३ अर्ब १७ करोड रकम छुट्याएको छ । तर पनि नयाँ सहर निर्माणका कामले भने गति लिन सकेको देखिन्न ।

आगामी आर्थिक वर्ष २०८०/८१ मा सरकारले नयाँ सहरका लागि २ अर्ब ४ करोड रूपैयाँ छुट्याएको छ । सहरी विकास मन्त्रालयका उच्च कर्मचारीहरू भने पर्याप्त बजेट र प्राविधिक कर्मचारीको अभावले नयाँ सहर निर्माणले गति लिन नसकेको बताउँछन् । विकास मन्त्रालयका सहसचिव तथा नयाँ सहर आयोजना प्रमुख अधिकारीले १२ वर्षमा नयाँ सहरको प्रगति निकै सुस्त भएको स्वीकार गर्दै भने, 'नयाँ सहरका लागि बजेट पर्याप्त भएन । ५४ मध्ये कुनै सहरमा त १ करोड मात्र बजेट राखिएको छ । एउटा भवन बन्ने जति पैसा नयाँ सहरका लागि छुट्याइएको छ , ' अधिकारीले भने, '१ करोड रूपैयाँले नयाँ सहर निर्माण हुन्छ ?" सहरी विकास मन्त्रालयका एक उच्च कर्मचारीका अनुसार नयाँ सहरको अवधारणा जसरी बनाइएको थियो , त्यसलाई हेर्दा अहिले नयाँ सहरको प्रगति बढीमा ५ प्रतिशत मात्र भएको छ । ती कर्मचारीले भने , 'यो भनेको निकै हो ।

अखिल (क्रान्तिकारी) विप्लवको अध्यक्षमा डिपी सी

झापा(प्रस) । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीनिकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)को झापा अध्यक्षमा डिपी सी सर्वसम्मत चयन भएका छन्।

अखिल (क्रान्तिकारी) झापा जिल्लाको १६ औं जिल्ला सम्मेलनबाट अध्यक्षमा डिपी सी, उपाध्यक्ष पदमा सविना सी, सचिवमा आर्यान सी, सहसचिवमा अंकिता सी र कोषाध्यक्षमा नविना सी सहित २५ सदस्यीय जिल्ला कमिटी चयन भएको मेची ब्युरो संयोजक बिनोद सी ले जानकारी दिए।

झापाको बिर्तामोडस्थित कनकाई क्याम्पसको सभाहलमा सम्पन्न उक्त सम्मेलनको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मेची ब्युरो इन्चार्ज सुमनसिंह सी , अतिथिहरु अखिल (क्रान्तिकारी) का केन्द्रीय महासचिव ललित सी, पार्टी केन्द्रीय सदस्य तथा झापा जिल्ला इन्चार्ज प्रशान्त सी, झापा जिल्ला सेक्रेटरी सञ्जय सी लगायतले गरेका थिए।

उक्त सम्मेलनलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि सुमनसिंह सी ले हजारौं विद्यार्थीहरुको रगत र पसिनाबाट सिर्जित अखिल (क्रान्तिकारी) को उद्देश्य भनेको बैज्ञानिक शिक्षा प्रणाली लागू गर्नु रहेको बताउँदै एकीकृत जनक्रान्तिका विद्यार्थी सहिद प्रज्वल शाहीहरुको बलिदानलाई खेर जान नदिन र बुर्जुवा शिक्षा प्रणालीका बिरुद्ध सशक्त भएर अगाडि बढ्न निर्देशन दिँदै शुभकामना व्यक्त गरेका थिए।

सम्मेलनबाट अध्यक्ष पदमा चयन भएका डीपी सी ले झापाली विद्यार्थीहरुको आन्दोलन, बैज्ञानिक शिक्षा प्रणाली लागू गर्न विद्यार्थीहरुले बगाएको रगत पसिना र हजारौं सहिदहरुको बलिदान खेर जान नदिने प्रतिबद्धता ब्यक्त गरे।

प्रादेशिक अस्पतालमा रेविजविरुद्धको भ्याक्सिन अभाव

झापा(प्रस) । भद्रपुरस्थित प्रादेशिक अस्पतालमा दुई हप्तादेखि रेविजविरुद्धको भ्याक्सिन अभाव हुँदा बिरामी उपचार नगराई फर्कन बाध्य भएका छन् ।

कोशी प्रदेश सरकारसँगै रेविजविरुद्धको भ्याक्सिन अभाव हुँदा अस्पताल प्रशासनले गत जेष्ठ २३ गते नै भ्याक्सिन सेवा बन्द गरिएको भनी सूचना टाँस गरी बिरामीलाई जानकारी गराइसकेको अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले जानकारी दिए । अस्पतालमा मासिक ५०० भ्याक्सिन खपत हुन्छ । '१५ दिनदेखि अस्पतालमा भ्याक्सिन छैन,' सूचना अधिकारी पोखरेलले भने,'अस्पतालले कोशी प्रदेश सरकारसँग भ्याक्सिन माग गरेपछि त्यहाँ पनि नरहेको जानकारी आयो ।' प्रदेश सरकारले खरिद गरेपछि मात्र अस्पताललाई भ्याक्सिन पठाउने र अनि मात्र पुनः सेवा सुचारु हुने उनले बताए । संक्रमित कुकुर , अन्य कुनै घरपालुवा तथा जंगली जनावरले टोकेलगत्तै रेविज रोगविरुद्धको भ्याक्सिन स्वास्थ्य संस्थामा गएर बिरामीले लगाउनुपर्छ । जिल्लाकै सबैभन्दा ठूलो सरकारी अस्पतालमा भ्याक्सिन अभाव हुँदा बिरामी समस्यामा परेका हुन् ।

तनहुँमा पहिरोले पुरिएर झापाका भुजेलको मृत्यु

झापा(प्रस) ।पृथ्वी राजमार्गको सडक विस्तारको काम गरिरहेका बेला पहिरोमा पुरिएर तनहुँमा एक मजदुरको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

म्याग्दे गाउँपालिका-१ माथिल्लो गुणादीमा सोमबार साँझ पृथ्वी राजमार्ग मुग्लिङ पोखरा सडक खण्डमा काम गर्ने एकको मृत्यु र दुईजना घाइते भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा झापाको शिवसताक्षी नगरपालिका-७ का ३३ वर्षीय भीम भुजेल रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायव उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिए । यसैगरी सोही ठाउँका ४५ वर्षीय कृष्ण लिङ्देन र उदयपुरको कटारी नगरपालिका-७ का ४० वर्षीय बलबहादुर राई घाइते भएका छन् । टेवा पर्खालको काम भइरहेको बेला पहिरो खस्न गई सोही सडकमा निर्माण काम गरी रहेका बेला तीनैजना घाइते भएका थिए । पहिरोले पुरिएका तीनैजना घाइतेलाई तत्काल उद्धार गरी रत्नहरि मेमोरियल अस्पताल दमौलीमा पुऱ्याएकोमा भुजेलको मृत्यु भएको खाणको भनाइ छ ।

खेलकुदको ...

भएको स्पष्ट पारेका हुन् ।

उनले आगामी आर्थिक वर्षको वजेटमा झापाको कमल स्थित आदिवासी रंगशालाका लागि एक करोड र भद्रपुर स्थित मेची रंगशालाका लागि बीस लाख बजेट विनियोजन भएको जानकारी दिएका छन् । मन्त्री लिम्बूले नेपालको खेलकुदको विकासका लागि सरकार र निजी क्षेत्रको संयुक्त प्रयास जरूरी रहेको समेत बताए । खेलकुद विकास समिति झापाका अध्यक्ष भेषराज भण्डारी प्रशान्तको अध्यक्षतामा सम्पन्न कार्यक्रममा खेलकुद मन्त्री लिम्बूलाई बधाई तथा शुभकामना दिँदै सम्मान गरिएको थियो भने झापाबाट प्रतिनिधित्व गर्दै विभिन्न खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीहरूलाई नगदसहित सम्मान गरिएको थियो ।

बिर्तामोड...

श्रेष्ठ, नगर स्काउट तदर्थ समिति संयोजक निकुञ्ज शर्मा, स्काउटरहरु, रोभर रेन्जर, विभिन्न टुपका स्काउटहरुको उपस्थिति थियो । हाल बिर्तामोड क्षेत्रका १५ वटा विद्यालयहरुमा स्काउट कक्षा संचालन रहेकोमा महेन्द्र रत्न स्काउट टुप, देवी, दुर्गा, मोहनमाया, विराट, विराटज्योती, कंचनजङ्गा, मनकामना, ग्लोरी, एमिटी स्काउट टुपका स्काउट तथा शिक्षकहरुको सहभागिता रहेको थियो । नेपाल स्काउटको स्थापना २००९ साल असार ५ गते भएको हो । स्काउट एक स्वयंसेवी सामाजिक संस्था भएकाले वृक्षरोपण, विपत व्यवस्थापन, राहत तथा उद्दार, सचेतता अभियान जस्ता कार्य गर्ने गर्दछ । पछिल्लो समयमा बिर्तामोड नगर स्काउट तथा नगरपालिकाले सबै विद्यालयमा स्काउट कक्षा अनिवार्य गराउने अभियानमा लागिपरेको छ ।

अपांगता भएकालाई गुडिया र कपडाको झोला बनाउने तालिम

बिर्तामोड(प्रस) । बिर्तामोड अपांगता स्वाबलम्वन संस्थाको आयोजनामा गुडिया र कपडाको झोला बनाउने तालिम सम्पन्न भएको छ ।

बिर्तामोड नगरपालिकाको सहयोगमा २२ दिने गुडिया बनाउने र १५ दिने कपडाको झोला बनाउने भिन्नाभिन्नै तालिम सम्पन्न भएको हो । तालिममा शारीरिक अपांगता र बौद्धिक अपांगता भएका १०-१० जनाको सहभागिता रहेको थियो । झोला बनाउने तालिमलाई मैया शेर्पा तथा गुडिया बनाउने तालिमलाई सविता राजवंशी र चन्द्रा खड्काले सहजीकरण गरेका थिए ।

आयोजक संस्थाका अध्यक्ष दीपक थापाको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रमको प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला रहेका थिए । कार्यक्रममा उपप्रमुख संग्रौला , नेपाली कांग्रेस बिर्तामोडका नगर सभापति भोजराज सिटौला , शिक्षासेवी गणेशप्रसाद खनाल,प्रशिक्षकहरु मैया शेर्पा ,चन्द्रा खड्का , प्रशिक्षार्थी शान्ता अधिकारीलगायतले मन्तव्य राखेका थिए । पदम अधिकारीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव हरि अधिकारीले गरेका थिए ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश झापा जिल्ला , पाँचगाछी गा.वि.स. वार्ड नं.-५ स्थायी ठेगाना भई हाल झापा जिल्ला , शिवसताक्षी नगरपालिका वार्ड नं.-४ बस्ने श्री बाजन राजवंशीका नाति , श्री ठाकुर सिंह राजवंशीका छोरा , श्री महावीर राजवंशीको मिति २०८०/०२/१७ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय शिवगञ्जमा रहेको वचत खाता नं. ००८०१०००१४८८५५०००००१ र मुद्दती खाता नं. ००८०२१०००१४८८५५०००००४ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतकका छोरीहरु **मिरादेवी, भोगसरी र मञ्जु राजवंशीले** मिति २०८०/०२/३० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकहरु वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, शिवगञ्ज
फोन नं. ०२३-४११०१२ , ४११००४

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति विग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

SERVICES SEPTIC TANK & TOILETS
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

मोर्चाभित्रको मोर्चा

मंगलवार सत्तारुढसहितका चार दलले समाजवादी मोर्चा नेपाल घोषणा गरेका छन् । सत्तारुढ दलको गठबन्धन भइरहेको बेला फेरि समाजवादी मोर्चाका नाममा सत्ता र बाहिरका दल एक ठाउँमा उभिएका हुन् ।

सोमबार काठमाडौंमा आयोजित घोषणासभामार्फत माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र विप्लव नेतृत्वको नेकपाले मोर्चा घोषणा गरेका हुन् । विप्लवबाहेक सबै संसदमा रहेका दलहरू हुन् । संसदमा उनीहरूको ५४ सीटको शक्ति छ । मोर्चा घोषणा गर्दै चार दलले प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने र यसमा आलोपालोमा नेतृत्व गर्ने समझदारी गरेका छन् ।

घोषणासभामा ४ वटै दलका शीर्ष नेताले मोर्चा कुनै दलको विरुद्धमा नरहेको बताएका थिए । प्रतिगामी र परिवर्तनविरोधीप्रति लक्षित रहेको सन्देश उनीहरूले प्रवाह गरेका छन् । कुनै दलविरुद्ध मोर्चा लक्षित नरहेको बताए पनि घुमाउरो हिसाबमा प्रचण्डदेखि माधव नेपाल एमाले अध्यक्ष केपी ओलीप्रति खनिएका थिए ।

प्रचण्डले यसअघि नेकपा बनाउन हतारमा सहमति गर्दा दुर्घटना भएको भन्दै यसपटक मोर्चामार्फत नयाँ प्रयासमा अघि बढेको बताएका थिए ।

नेकपा विभाजनपछि एमाले पार्टी फोरेका माधव नेपालले पनि अभूतपूर्व सफलतालाई जोगाउन नसक्नुमा ओली जिम्मेवारी रहेको संकेत गरेका थिए ।

यद्यपि मोर्चा नबन्दै हतारमा ओलीले दबाबमूलक अभिव्यक्ति दिनुले उनले केही न केही चुनौती महसुस गरेको प्रस्टै हुन्छ ।

विप्लवलाई पनि अस्तित्व रक्षा गर्नुपर्ने बाध्यता आइलागेको एमालेको टिप्पणी छ ।

उनलाई मूलधारमा ल्याउँदा शान्तिपूर्ण राजनीतिमा ल्याएको जस अहिलेको गठबन्धनले लिन खोजे पनि एमाले नेतृत्वको सरकारको पालमा उनलाई शान्तिपूर्ण राजनीतिमा ल्याएको दावी छ । माओवादीसँग सत्ता गठबन्धनमा रहेको कांग्रेस भने यो मोर्चा गठनप्रति प्रतिक्रियाविहीन देखिएको छ । एमाले अध्यक्षले हतारमा टिप्पणी गरे पनि कांग्रेस नेताले यसबारे सार्वजनिक टिप्पणी गर्न हतारो गरिरहेका छैनन् । बरु माधव नेपाललाई सत्ता गठबन्धनमा टिकाइराख्न र एमालेको सम्पर्कमा पुग्न नदिन पनि यो मोर्चाबाट फाइदा नै हुने बुझाइ कांग्रेसको हो कि भन्ने देखिन्छ । सत्ता गठबन्धनमा असन्तुष्टि देखिएर नेकपा एस एमालेसँग पार्टी एकतासम्मको अवस्थामा पुगे कांग्रेस होइन एमाले सबैभन्दा ठूलो दल बन्नेछ । त्यसैले नेपाललाई भड्काउन नहुनेमा कांग्रेस र माओवादी दुवै पुगेका छन् ।

प्रचण्डपछि आलोपालोमा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति छ । यो सहमति कार्यान्वयन गर्न पनि नेपालको पार्टीको १० सीट देउवालाई खाँचो देखिन्छ । त्यसैले मोर्चाको विरोध गर्ने तयारीमा कांग्रेस छैन । धेरै आक्रामक भएर विरोध गर्दा फेरि आफ्नोविरुद्ध कम्युनिष्टहरू मिल्छन् कि भन्ने जोखिम पनि कांग्रेसले देखेको छ ।

विश्व योग दिवस

योगश्चित्तवृत्तिनिरोधः ॥ योगसूत्र ॥

अर्थात् चित्त र वृत्तिको निरोध नै योग हो । योगको अर्थ जोड्नु हो । योग एक विशेष क्रिया हो, योग क्रियाले मानिसको चेतना र शरीरबिचको सम्बन्धलाई जोड्ने काम गर्दछ । मन र मस्तिष्कको सम्बन्धलाई नै योग भनिन्छ । योगबाट मानसिक शान्तिका साथै रोग प्रतिरोध क्षमताको समेत वृद्धि हुने विश्वास गरिएको छ । योगलाई ध्यानको आधार मानिन्छ, शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य, ज्ञान, त्याग, वैराग्ययता जस्ता योगका अनेकौं आयाम छन् ।

अभौतिक सांस्कृतिक सम्पदाको रूपमा योगसुत्र

हजारौं वर्ष पहिले पतञ्जलि नामका महात्माले सुरुवात गर्नुभएको १९५ वटा योगसुत्र समाहित यस योगका मूलधारका तथ्य, इतिहास अनि अभ्यासका बारेमा खुलेर कुरा गरौं । पतञ्जलिको योग अभ्यासका सूत्रहरू विश्वका लगभग सबै भाषामा अनुवाद समेत गरिएको छ । योगलाई सुरुमा व्यास र पछि वाचस्पति मिश्रले व्याख्या गरेका थिए । जैन धर्मगुरु हेमचन्द्रले समेत योगलाई धर्मको ध्यान विधिका रूपमा प्रयोग गरेका थिए र १९ औं शताब्दीमा स्वामी बिवेकानन्दको योग अभ्यासलाई समेत पश्चिमा देशहरूमा फैलाउन कालागि भएको योगदान महत्वपूर्ण छ । मुस्लिम समुदायमा समेत यसलाई योग सूत्रको अनसावदका रूपमा प्रयोग गरिएको छ ।

योग सूत्रको श्रेय आदि योगी भगवान् शिवलाई मानिन्छ । शिवबाट सुरुवात भएका योगविधाहरु क्रमशः सप्तऋषिहरु मार्फत् पुस्तौं पुस्ता यात्रा गरेर हामीमाझ आइपुगेको हो । वास्तुकला अध्ययन अनुसार आदिनाथ भगवान् शिवले ध्यान मुद्रामा रहेको मूर्ति सबैभन्दा प्राचीन मानिएको छ । महावीर जैनको समेत ध्यान गर्दै गरेको मूर्ति छ । योगको अर्को आधार भगवान् बुद्धको ध्यान मूर्ति पनि हो, यो मूर्ति विश्व प्रसिद्ध मानिन्छ । अर्को कथन अनुसार योग शास्त्रको श्रेय भगवान् श्रीकृष्णलाई दिइएको पाइन्छ, भगवान् श्रीकृष्णका अनेक नामहरूमध्ये योगेश्वर नामले समेत उनलाई पूजा गर्ने गरिन्छ । यूनेस्कोले समेत योगलाई आफ्नो अभौतिक सांस्कृतिक सम्पदाको रूपमा सन् २०१६ बाट दर्ता गरेको छ ।

सन् २०२३ को विश्व योग दिवसको नारा चाहिँ मानवता (Humanity) हो ।

विश्व योग दिवसको पृष्ठभूमि

भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले संयुक्त राष्ट्रसंघको ६९ औं महासभामा योग सबैका लागि सधैंका लागि आवश्यक भएकाले अन्तर्राष्ट्रिय योग दिवसको घोषणा गर्न पहिलो पटक प्रस्ताव गरेका थिए । सो प्रस्तावमा नेपालका तत्कालीन प्रधानमन्त्री स्व सुशील कोइरालाले पहिलो समर्थन गरेपछि युरोपियन युनियनलगायत संयुक्त राष्ट्रसंघका स्थायी सदस्य राष्ट्रले समर्थन गरेका थिए । संघले घोषणा गरेका दिवसमध्ये ९० दिनमा १७७ देशले समर्थन गर्ने कीर्तिमान योग दिवसले कायम गरेको छ, राष्ट्रसंघको बैठकहरूमा कुनै दिवसका लागि यतिका समर्थन अहिलेसम्म प्राप्त भएको इतिहास थिएन । र १७७ देशहरूको समर्थन र सहभागितामा सन् २०१६ देखि २१ जुनमा अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाइएको थियो । योग दिवस मनाउने अभियानका क्रममा भारतका विश्वप्रसिद्ध योगी र शिव साधक जग्गी वुसुदेव अर्थात् सद्गुरुको संयुक्त राष्ट्रसंघमा भएको वार्तालाप र प्रश्नोत्तरलाई पनि ठुलो श्रेय दिइन्छ ।

नेपालमा योगको प्रवर्द्धन

विसं २०४८ चैत १५ गतेदेखि काठमाडौंको नरदेवी आयुर्वेद अस्पतालमा योग अभ्यास सुरु गरिएको थियो र यसको मुख्य उद्देश्य चाहिँ आयुर्वेदलाई योगसँग जोडेर शीघ्र स्वास्थलाभ र नैरोग्यताको बिगुल फुक्नु नै थियो । यसपछि काठमाडौं बाहिरको विजौरी दाङमा पनि योगको अभ्यासबाट स्वास्थ्य लाभ गराउन सुरु गर्न विसं २०५८ देखि क्षेत्रीय आयुर्वेद चिकित्सालय विजौरी सुरुवात भयो । योग वैदिक चिकित्सा पद्धति भएकाले अथर्ववेदमा 'योगश्चित्तवृत्ति निरोधः' अर्थात् मनमा आउने विभिन्न विषयलाई रोक्ने अभ्यास गर्नु नै योग हो भनिएको छ । इसा पूर्व १६०० मा रचना गरिएको आयुर्वेदिक ग्रन्थ चरक संहितामा मनलाई जित्ने सत्वावजय चिकित्सा पद्धतिको विकास हिमालय क्षेत्रको वनमा ऋषिमुनिले योग, ध्यान साधना र तपस्याद्वारा गरेको उल्लेख छ ।

नेपालमा योग र प्राकृतिक चिकित्साको औपचारिक अध्ययन

नेपालमा योग र प्राकृतिक चिकित्साको औपचारिक अध्ययन अध्यापन नेपाल संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठमा हुँदै आएको छ । प्रवेशिका गरेकालाई ६ महिनाको योग र प्राकृतिक चिकित्साको तालिम दिने गरिएको हो । जुनसुकै विषयमा स्नातक गरेकालाई प्राच्य स्वास्थ्य शिक्षामा दुई वर्षे स्नातकोत्तरको पाठ्यक्रमसमेत स्वीकृत भएको छ ।

विसं २०५१ देखि पाठ्यक्रम विकास केन्द्रले कक्षा ९ र १० मा इच्छाधीन विषयका रूपमा योग शिक्षा, प्राकृतिक चिकित्सा र आयुर्वेद राखे पनि यस विषयमा स्नातक गरेका जनशक्ति नभएपछि सुरु हुन सकेको छैन । आजका दिन हामी योग अध्ययनलाई पनि जीवनको लक्ष्य बनाएर अघि बढ्न युवापुस्तालाई आव्हान गर्न चाहन्छौं । हिमवत्खण्ड प्राचीन कालदेखि ऋषिमुनिहरुको तपो भूमिका रूपमा रहेकाले नेपाललाई योगको उद्गमस्थल मानिन्छ । योगाभ्यास र आयुर्वेद एक भरपर्दो र प्राचीन उपचार पद्धति भएकाले स्वस्थ्य रहनका लागि यसलाई नियमित अभ्यासमा लान आजका दिन आग्रह गरिन्छ ।

समाजवादी मोर्चा, नेपाल बारे

• डा. विजयकुमार पौडेल

नेपालका तीनवटा कम्युनिस्ट पार्टीहरू- एकीकृत समाजवादी, माओवादी केन्द्र र विप्लव समूह) एवं जनता समाजवादी पार्टी, नेपाल मिलेर आज समाजवादी मोर्चा, नेपाल (सोसलिस्ट फ्रन्ट, नेपाल) गठन भएको छ । यो मोर्चा निर्माणसँगै अनेक आशंका, आलोचना र विरोधसमेत देखिएका छन् भने यस परिघटनालाई सकारात्मक रुपमा लिनेहरूको संख्या पनि स्वाभाविक रुपमा उल्लेख्य छ । समाजवादी अर्थव्यवस्था निर्माण गर्ने विषय नेपालको संविधानले निर्दिष्ट गरिसकेको अवस्थामा पनि यसलाई विरोध गर्ने कुरा सारतः असंवैधानिक हो तर अभिव्यक्ति स्वतन्त्रता भएको कारणले संविधानको विरोधलाई पनि सहज रुपमा लिनु लोकतान्त्रिक व्यवस्थाको मूल चरित्र हो । नेपालमा समाजवाद निर्माण गर्ने विषयको विरोध, आलोचना, खिसीटिउरी इत्यादि गर्ने तीनथरी मानिसहरू छन्- (१) नेपालका पहिलेका सामन्ती तत्त्वहरू जो हाल दलाल पुँजीवादका नायक वा सेवक छन् र, (२) आम जनता- आफूलाई कम्युनिस्ट तथा समाजवादी भनिने दलका कतिपय नेता-कार्यकर्ताको व्यवहार-आचरण गैर कम्युनिस्ट वा गैर समाजवादी भएका कारणले र पार्टी कार्यक्रममा कुनै न कुनै तरिकाले 'समाजवाद' शब्दावली झुन्ड् याएका पार्टीहरूका सरकारले आजसम्म आम जनताले राहत पाउने, देशको अर्थतन्त्र उकासिने कुनै ठोस कार्यक्रम नल्याएका कारणले रुष्ट भएका मानिसहरू । (३) दलगत रूपमा नेकपा (एमाले)को नेतृत्व । संसारभरिका पुँजीवादीहरू र हाम्रो देशका दलाल पुँजीवादीहरूले कहिल्यै, कुनै हालतमा समाजवादको समर्थन गर्ने छैनन् । जन्मजात समाजवादका विरोधीहरूको बारेमा कुनै चर्चा गर्नु आवश्यक छैन । यसैले यहाँ लेखिएका समाजवादको विरोध गर्ने पहिलोथरी मानिसका आलोचनाको बारेमा चर्चा आवश्यक देखिन्न । यहाँ नेपाली कांग्रेसले लेख्ने गरेको "प्रजातान्त्रिक समाजवाद" का बारेमा पनि मानिसहरूको कुनै चर्चा देखिन्न किन भने नेपाली कांग्रेस उसका दस्तावेजमा लेखिएको समाजवादप्रति कहिल्यै रत्तीभर इमानदार भएन । इमानदार हुने हो भने नेपाली कांग्रेसले डेनमार्क, स्विडेन र नर्वेजस्ता देशहरूको प्रजातान्त्रिक समाजवादी प्रयोगबाट सिक्न सक्थ्यो । आफ्नो पार्टीभित्र निक्कै सानो संख्यामा रहेको भए पनि सामाजिक प्रभाव भएको प्रजातान्त्रिक समाजवादी तप्काका कारण नेपाली कांग्रेसले आफ्नो विधानबाट समाजवाद शब्द हटाउन सकेको छैन । वास्तवमा उ नेपाली दलाल पुँजीवादको सेवक नै हो भन्ने कुरामा कुनै शङ्का छैन । आजसम्मका उसका गतिविधिले यही सिद्ध गरेका छन् । लोकतान्त्रिक व्यवस्था जोगाउने मामिलामा मात्रै उससँगको कम्युनिस्टहरूको सहकार्य काम लाग्ने गरेको छ । यसैले नेपाली जनमतले समाजवादप्रतिको इमानदारिताका बारेमा नेपाली कांग्रेससँग कुनै आशा वा भरोसा गरेको छैन ।

यहाँ दोस्रो थरीका मानिसहरूको बारेमा चर्चा गर्नु आवश्यक छ । दोस्रोथरीका मानिस नै आम जनता हुन् । जनताको असन्तुष्टि भरोसा गरेको कम्युनिस्ट शक्तिसंग हो । आफूले भरोसा गरेको शक्ति नै बेइमान भएपछि जनतामा निराशा, आक्रोश र आवेग देखिन्छ । जनआवेगको सही वैचारिक तथा कार्यक्रमिक समाधान नभएका कारणले समाजवाद शब्दप्रति नै आक्रोश भएको हो भन्ने कुरा स्पष्ट छ । करिब दुईतिहाई संसदीय बहुमतको कम्युनिस्ट सरकारले जनतालाई निराश बनाएसंगै समाजवादप्रति खिसीटिउरी गर्नेहरुलाई धेरै मौका मिलेको छ । त्यसपछि बनेको गठबन्धन सरकारमा अहिले कम्युनिस्ट नेता प्रधानमन्त्री छन्, नेकपा (एस) र जनता समाजवादी पार्टीका पनि मन्त्री छन् । यिनीहरुबाट समेत किन समाजवादी रूपान्तरण सम्बन्धी कार्यक्रमको त्यान्द्रो पनि देखिएन भन्ने प्रश्नले नै आम जनतामा छटपटी र निराशा बढाएको हो नै । देशको अर्थतन्त्र धराशायी हुनै लाग्दा पनि सबै ठिक छ शैलीमा नेपाली कांग्रेसका अर्थमन्त्रीले ल्याएको अर्थतन्त्रको समस्या नचिन्ने बजेटका कारण जनताको आक्रोश झनै बढेको देखिन्छ । यिनै कारणहरूले गर्दा यो समाजवादी मोर्चा किन ?, यसको आवश्यकता र औचित्य के हो ? गलित-थकित वृद्ध नेताहरूको अस्तित्वरक्षाका लागि नै यो मोर्चा बनेको त हैन ? भन्ने खालका प्रश्न उठेका देखिन्छन् ।

आम जनताको एक पंक्तिका तर्फबाट व्यक्त आलोचना, आशंका र आवेगजन्य अभिव्यक्तिको विश्लेषण गर्नु अघि नेकपा(एमाले)को उच्च नेतृत्वबाट व्यक्त तिरस्कार पूर्ण आलोचनाबारे केही लेखेपछि आम जनताका प्रश्नको उत्तर खोज्नु ठिक हुने छ । कुनै पनि साँचो कम्युनिस्ट पार्टीले समाजवादी शक्तिहरूका बीचमा हुने सानोभन्दा सानो समझदारी, मोर्चा वा सहकार्यको विरोध गर्दैन । वैचारिक भिन्नता वा असमझदारीका विषय उठाउन अवश्य सकिन्छ, आलोचना गर्न सकिन्छ तर कम्युनिस्ट- समाजवादीका बीचमा सहकार्य हुन्छ भने खिसीटिउरी अवश्य पनि गरिन्न । आफैं प्रतिगमनको भासमा डुबेको, आफ्नै बहुमतको संसद् विघटन गर्ने असंवैधानिक कार्यको महिमामण्डन गरिरहेको नेकपा(एमाले) को नेतृत्वबाट समाजवादी मोर्चा बन्ने परिघटनाको विरोध हुनु स्वाभाविकै देखिन्छ । नेकपा(एमाले) को दोस्रो-तेस्रो तहका नेताहरूको विडम्बना के छ भने उनीहरू अनौपचारिकरुपमा कुरा गर्दा प्रायजसो सबैले पार्टी नेतृत्वको अवैचारिक हठ,अहम्, व्यक्तिवादका कारणले आफ्नै बहुमतको संसद् विघटन हुनु पुगेको र सो परिघटना संविधानसम्मत नरहेको स्वीकार गर्दछन् तर त्यस विषयलाई पार्टीमा समीक्षाका लागिसमेत उठाउने आँट सम्म गर्दैनन् । यस्ताहरूले गरेको समाजवादी मोर्चा निर्माणको विषयमा गरिएको खिसीटिउरीको बारेमा यस सानो आलेखमा यसभन्दा बढी चर्चा नगर्दा पनि हुन्छ ।

समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरू उत्साहित देखिए, जुन स्वाभाविक छ तर जनतामा यतिका बढी वितृष्णा किन छ ? यस प्रश्नको आंशिक उत्तर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को स्वीकारोक्तिबाट पाउन सकिन्छ । "हामी संसदीय अभ्यास गरिरहेका पार्टीहरूमा केही न केही धुलो मैलो अवश्य लागेको होला, मोर्चामा विप्लवजीको आगमनले त्यो केही पखालिन्छ कि ..." । निश्चय नै विगतमा अवतरण गरिसकिएको बाटोमा फर्कन खोजेर नसकेका विप्लवले कसैको धुलो पखाल्दिने छैनन् । आफैं चरम विवादास्पद घटनाक्रमबाट अगाडि बढेका विप्लव र उनको पार्टीले आफ्नै धुलो पहिले धुनु पर्ने छ ।यतिका हन्डर-ठक्कर खाएर बनेको सरकारले जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम त ल्याउन सकेन सकेन, थलिएको अर्थतन्त्रलाई उठाउने कुनै पनि ठोस कार्यक्रम ल्याउन सकेन । साना किसानदेखि विभिन्न तहका व्यवसायी उठ्नै नसक्ने गरी थलिएका छन्, त्यसतर्फ सरकारको बजेटले कुनै सम्बोधन नै गरेन । युवा-विद्यार्थीको विदेश पलायन रोक्नका लागि शब्दसमेत खर्चिएन । कालोधन बाहिर ल्याउनका लागि कुनै प्रयास गरिएन । आकासिएको महँगी र कालोबजारीका विरुद्ध कुनै कदम चालिएन । भारतीय तरकारी महँगोमा आयात हुने र नेपाली तरकारीले बजार नपाएर खेतमै सुक्ने वा बाटोमा पोख्नु पर्ने समस्याले पनि जनतामा आक्रोश छ । राजनीतिक नियुक्तिमा आफन्तवाद, भाइभतिजावाद, नियुक्तिमा रकमको चलखेल हुने समाचार लगायतका विषयहरूले जनताको आक्रोशलाई झनै बढाएका छन् ।

सरकारमा सामेल पार्टीको कार्यकर्ता भएपछि खुल्ला गुण्डागर्दीमा पनि मुद्दा नलाग्ने, जनदवावबाट मुद्दा लागिहाले पनि सरकारले नै मुद्दा फिर्ता लिने, सबै तहका अदालतबाट दोषी ठहर भएको मानिस सत्ताधारी नेताहरूकै शब्दमा 'क्रान्तिकारी' घोषणा गर्दै रिहा हुनेजस्ता प्रसङ्गले जनताको आक्रोशलाई बढाएका छन् । भुटानी शरणार्थी काण्डका दोस्रो तहका नाइकेहरू त कानुनी दायरामा आए तर मुख्य अभियुक्त र 'बोसहरू' लाई जोगाइयो भन्ने आम जनताको मनमा गहिरोगरी छाप परेको छ । तत्कालीन सत्ताका मुख्य मान्छेको संलग्नता बिना यति ठुलो काण्ड गर्ने हिम्मत कुनै पनि तहको मन्त्री वा सचिवको हुँदैन भन्ने भावना सर्वत्र भेटिन्छ । यी र यस्तै विषयहरूले गर्दा वर्तमान सरकारले गरेका कतिपय साहसिक र राम्रा कामहरूले जनताको मन जित्न सकिरहेका छैनन् । देशको राजनीतिप्रति आम जनतामा नकारात्मक भावना भरिएको छ । यस्तो बेलामा नयाँ राजनीतिक परिघटना आएको छ- समाजवादी मोर्चाको गठन । छोटो समयको सूचनामा पनि समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरूको बाक्लो उपस्थिति देखियो । कार्यकर्ताका बीचमा देखिएको उत्साहले गर्ने सङ्केत हो- अहिले मोर्चामा सामेल दलहरूले आफूलाई सुधारेर जाने हो भने अझै पनि कार्यकर्ताहरू साथ दिन तयार छन् । हरेक दलका नेताहरूका बारेमा तिनका कार्यकर्ताहरूलाई सबैकुरा थाहा छ । को आदर्शका भाषण गर्दछ तर नम्बरी भ्रष्टाचारी छ, को गुटबन्दीको विरोध गर्दै आफैं गुटबन्दी गर्दै हिँड्छ र इमानदार कार्यकर्तालाई भन्दा आसेपासेहरुको सल्लाहमा हिँड्छ, को परिबन्द र अभावका आँसु लुकाएर पनि इमानदारीका साथ काम गरिरहेको छ, कार्यकर्तालाई सबै थाहा छ । यति हुँदाहुँदै पनि मोर्चा गठनमा कार्यकर्ताहरू किन उत्साही देखिए त ? कार्यकर्ताहरूले नेतृत्वपंक्तिले सुदूर विगतमा गरेको त्याग र तपस्या देखेका छन् र अब सच्चिएर जालान् भन्ने आशा गरेका छन् । मोर्चा गठनबाट सम्बद्ध सबै पार्टीका कार्यकर्ताका बीचमा एकताको वातावरण बन्दै जाला, सबैतिरबाट नेताहरूलाई सही काममा प्रेरणा दिने र गलत कुराका विरुद्ध खबरदारी गर्न सकिएला भन्ने आशाका कारणले नै मोर्चा गठनबाट कार्यकर्ताहरूका उत्साह र आशा पलाएको देखिन्छ ।

पार्टी नेतृत्व र जनताका बीचको सम्बन्ध-सेतु हुन् कार्यकर्ताहरू । कार्यकर्ताहरू उत्साहित भए भने उनले सही कार्यक्रमका आधारमा जनतामा पनि उत्साह र आशा भर्न सक्छन् । मोर्चामा आबद्ध सबै दलका नेताहरूले बुझ्नु पर्दछ- सही वैचारिक-राजनीतिक एजेन्डाका आधारमा मात्रै पार्टीहरू जीवित

❖ बाँकी तेस्रो पृष्ठमा

अफगानिस्तानमा बढ्यो ह्वाट्सएपको प्रयोग

एजेन्सी । दुई महिनाअघि अफगानिस्तानको राजधानी काबुलबाहिर इस्लामिक स्टेट लुकेको ठाउँमा तालिवान सैन्य अधिकारीको टोलीले आक्रमण गर्ने तयारी गरिरहेको थियो। सिपाहीले आफ्ना स्वचालित राइफलहरू ह्याण्डल गरेका थिए। उनका कमाण्डर हबिब रहमान इंकले आफ्नो निशानाको सही स्थान जान्न खोजिरहेका थिए। उनले आफ्ना सहकर्मीको फोनबाट ठूला अधिकारीलाई बोलाए। अधिकारीहरूले भने, 'लोकेसन व्हाट्सएपमा पठाइएको छ।' तालिबान सरकारको अगाडि यो एउटा मात्र समस्या हो। अमेरिकी प्रतिबन्ध प्रावधानले गर्दा हबिबको खाता ह्वाट्सएपले ब्लक गरिएको छ। २५ वर्षीय हबिबले भने, 'हामीसँग सम्पर्क र सञ्चारको एकमात्र माध्यम ह्वाट्सएप हो।' हबिब एक्लै छैनन्। विगत केही महिनादेखि तालिबानका सरकारी अधिकारी, प्रहरी र सैनिकहरूको व्हाट्सएप खाताहरू बन्द वा अस्थायी रूपमा बन्द गरिएका छन्। यो समस्या बढ्दै गएको छ। यसले तालिबान सरकार 'मेसेजिङ प्लेटफर्म'मा कत्तिको निर्भर छ भनेर देखाउँछ।

व्हाट्सएपले लगातार तालिबान प्रयोगकर्ताहरूको खाता ब्लक

यो अवस्थाले अन्तर्राष्ट्रिय प्रतिबन्धका दूरगामी परिणामको झलक देखाउँछ। अमेरिकाले लामो समयदेखि तालिबानलाई कुनै पनि समर्थन गर्नु अपराध घोषणा गर्दै आएको छ। 'ह्वाट्सएपले तालिबान प्रयोगकर्ताहरूको खातालाई नजिकबाट पहिचान गरेर ब्लक गर्छ', कम्पनीका प्रवक्ताले भने, 'तालिबान लडाकुले अफगान सरकारविरुद्ध लडाइँ गरेपछि यो प्रतिबन्ध लगाइएको हो।'

'पछिल्ला दुई वर्षमा ह्वाट्सएपमा तालिवानको निर्भरता बढेको छ'

दुई वर्षयता ह्वाट्सएपमा तालिवानको निर्भरता बढेको छ। सरकारको प्रशासनको आन्तरिक काम ह्वाट्सएपको सहयोगमा चल्छ। सरकारी विभागहरूले कर्मचारीलाई जानकारी दिन व्हाट्सएप समूहहरू प्रयोग गर्छन्। यो प्लेटफर्म मिडियालाई जानकारी दिन र मन्त्रालयबीच सञ्चार गर्न प्रयोग गरिन्छ। बागलान प्रान्तका प्रहरी प्रवक्ता शिर अहमद बुरहानी भन्छन्, 'मेरो सम्पूर्ण काम व्हाट्सएपमा निर्भर छ।' यो नआएको भए हाम्रो सम्पूर्ण प्रशासनिक र गैर प्रशासनिक काम ठप्प हुने थियो। अमेरिकी प्रतिबन्धको बाबजुद ट्विटर र युट्युब जस्ता केही सामाजिक सञ्जालले तालिबानलाई आफ्नो प्लेटफर्म प्रयोग गर्न अनुमति दिइरहेका छन्। तर, सबैभन्दा लोकप्रिय सन्देश अनुप्रयोग तिनीहरूको पहुँच बाहिर छ। तखार प्रान्तका प्रहरी प्रवक्ता अब्दुल मोबिन शफीले आफ्ना ४०-४५ ह्वाट्सएप नम्बर ब्लक भएको बताए। खाता बन्द भएपछि उनीहरू नयाँ सिमकार्ड लिएर खाता खोल्छन्। यसैबीच कमाण्डर हबिब इन्कायदले एक महिनापछि नयाँ सिम लिएर नयाँ ह्वाट्सएप खाता खोलेका छन्। उनी भन्छन्, 'म ८० ह्वाट्सएप ग्रुपको हिस्सा हुँ। तीमध्ये एक दर्जनभन्दा बढी समूह सरकारी काममा प्रयोग हुने गरेका छन्। मोबाइल पसलमा सिमको अभाव हजारौँ तालिबान लडाकु अहिले प्रमुख शहरहरूमा प्रहरी र सेनामा नयाँ पदमा छन्। मोबाइल फोन पसलहरूमा उनीहरूको पहुँच सजिलो भएको छ। सरकारी कर्मचारी बनेका तालिबान लडाकुले तलब पाउन थालेका छन्। त्यसैले नयाँ ग्राहकहरू मोबाइल फोन बिक्रेतासँग लाइनमा छन्। फोन व्यवसायीले माग पूरा गर्न सकेका छैनन्। अफगानिस्तानमा मोबाइल फोन पसलमा सिम कार्ड अभाव छ।

७० प्रतिशत अफगानीहरूसँग मोबाइल फोन छन्

तालिबानबीच ह्वाट्सएपको प्रयोग युद्धकालमा सुरु भएको थियो। विज्ञहरूको अनुमान छ कि अफगानिस्तानको जनसंख्याको लगभग ७० प्रतिशतसँग मोबाइल फोन छ। देशमा मोबाइल फोन टावर खडा भइरहेका छन्। तालिबान आर्मीको सेकेण्ड रेजिमेन्टका कमाण्डर कुन्दुजी भन्छन्, 'युद्धको समयमा तालिबान लडाकुले सरकारी लक्ष्यमा भएको आक्रमणको फोटो आफ्ना वरिष्ठ र समर्थकहरूलाई व्हाट्सएपमा पठाउने गर्थे।' तालिबान सत्तामा आएपछि समूहमा ह्वाट्सएपको प्रयोग झनै बढ्यो। पूर्व लडाकुहरूले चौबीसै घण्टा स्मार्ट फोन प्रयोग गर्न थालेका छन्।

पाँचथरमा विस्थापित परिवारको संख्या ३ सय ३४ पुग्यो

झापा(प्रस) । असार २ गते रातिदेखि जारी वर्षाका कारण गएको पहिरोबाट पाँचथर जिल्लामा ३ सय ३४ जना विस्थापित भएका छन् । जिल्लाको याङवरक, फालेलुङ, हिलिहाङ र फिदिममा यतिका नागरिक विस्थापित भएका हुन् । पहिरोका कारण हालसम्म ६८ घरमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरीक्षक दिवस कुँवरले जानकारी दिए । पछिल्लो पटक गएको पहिराले जिल्लाको फालेलुङ गाउँपालिका-३ लुम्मिनदाङका २५ घर परिवार विस्थापित भएका छन् । यस्तै, हिलिहाङ-७ मा ७ परिवार विस्थापित भएको प्रहरीले जनाएको छ ।

जिल्लाको फालेलुङ-५ डाँडाबस्ती नजिकै जमिन भासिएपछि ४० घर जोखिममा परेको वडाध्यक्ष भरत खपाङ्गीले जानकारी दिए । बाढी पहिरोमा परी हालसम्म ३ जनाले ज्यान गुमाएका छन् भने ३ जना बेपत्ता छन् । पहिरोका कारण १५ वटा झोलुङ्गे पुल बगेका छन् । बाढीले हेंवा तमोर नदीका पुल बगाउँदा मेची राजमार्गमा आवागमन ठप्प भएको छ । ठाउँ ठाउँमा विद्युत् र खानेपानी आयोजनामा क्षति पुगेको छ ।

विवाहको ११ वर्षपछि बुवा बने अभिनेता राम चरण

एजेन्सी । दक्षिण भारतीय फिल्मका चर्चित अभिनेता राम चरण पिता बनेका छन् ।

उनकी श्रीमती उपासना कामिनेनीले छोरी जन्माएकी छिन् । सोमबार राति अभिनेतालाई आफ्नी श्रीमती र परिवारका केही सदस्यसँग हैदराबादको अस्पतालभित्र प्रवेश गरिरहेको देखिएको थियो । अस्पतालले यसबारे जानकारी दिएको छ । अस्पतालले मेडिकल बुलेटिनमा लेखेको छ , ' उपासना कामिनेनी र राम चरणले २० जून २०२३ मा हैदराबादको अपोलो अस्पताल जुबली हिल्समा छोरीलाई जन्म दिएका छन् । अस्पतालले आमा र बच्चा दुवैको स्वास्थ्य ठिक भएको जानकारी दिएको छ । यी दुईलाई धेरैले बधाई दिइरहेका छन् । १४ जून २०१२ मा यी दुईको विवाह भएको थियो । विवाहको ११ वर्षपछि उनीहरुले छोरी जन्माएका हुन् । उपासनाले आफ्नो डिम्ब फ्रिज गरेर राखेकी थिइन् । उपासना पहिला आफ्नो करियरमा केन्द्रित हुन चाहन्थिन् । आमा बन्न उनले समय पनि लिइन् । राम चरण दक्षिणका ठूला स्टार हुन् । यस्तै उनकी श्रीमती उपासना व्यवसायी हुन् ।

बिर्तामोड २ मा वडास्तरीय बाल भेला

बिर्तामोड(प्रस) । बिर्तामोड २ मा वडास्तरीय बाल भेला तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ । बिर्तामोड नगरपालिका वडा नम्बर

२ को आयोजनामा पहिलोपटक आयोजित भेलाबाट बालबालिकाले आगामी बर्षको योजना तर्जुमा गरेका छन् ।वडाले बालमैत्री बनाउने योजनाअनुसार विभिन्न गतिविधि गर्दै आएको छ ।

आईतवारबाट सुरु भएको कार्यक्रममा योजना छनौट,नेतृत्व विकास तथा बालमैत्रीका बिषयमा प्रशिक्षण समेत प्रदान गरिएको थियो ।

जिल्ला बाल संजाल झापाका अध्यक्ष अभिषेक मिश्र ,अस्लेशा कडेलले योजना तर्जुमाको सहजीकरण गरेका थिए।

बालबालिकाको मानसिक विकास तथा क्षमतालाई सहयोग पुऱ्याउँदै बालमैत्री वातावरण निर्माण गर्न कार्यक्रम आयोजना गरिएको बताईएको छ। पबित्रा पौडेलले सहजीकरण गरेको कार्यक्रममा वडाभित्र संचालित ८ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा रहेका बाल क्लबको सहभागिता रहेको थियो ।

उज्यालो चारपाने बाल क्लबका अध्यक्ष एलिना तिम्सिनाको अध्यक्षतामा आयोजित कार्यक्रममा वडाध्यक्ष किशोरकुमार पौडेलले बालबालिकाका हरेक समस्याको समाधान गर्दै बालमैत्री वडा निर्माणमा जुट्न आग्रह गरे । उनले बालबालिकाका सवालमा जिम्मेवार बन्न आग्रह गर्दै भावी नेतृत्व स्थापित गर्न बालबालिकालाई लगानी गर्न वडा कार्यालय तयार रहेको बताए । कार्यक्रममा मोहनमाया माध्यमिक विद्यालयका प्रधानाध्यापक शेरबहादुर श्रेष्ठ , सहभागी सगिना लावती ,एलिजा भट्टराई ,सुरज पौडेललगायतले तालिम उपलब्धिमुलक भएको बताए ।

समाजवादी...

हुन र विस्तारित हुन सक्छन् । आ-आफ्ना दस्तावेजमा लेखिएका र जनताका अगाडि बोलिएका कुरामा नेताहरू आफैँ कत्तिको इमानदार छन् भन्ने कुराले नै जनताको पङ्क्ति पार्टीका नजिक आउने वा टाढा हुने अवस्था रहन्छ । अहिलेको मूलधारका कुनै पनि राजनीतिक पार्टीबाट आम जनता सन्तुष्ट छैनन् । यस तथ्यलाई मनन गरेर नयाँ सङ्कल्पका साथ अगाडि बढेमा जनताले अवश्य साथ दिने छन् । समाजवादी मोर्चा नेपालले जारी गरेको पहिलो लिखतले केही ठोस एजेन्डा अगाडि सारेको छ । आजसम्मका कमजोरीलाई सच्याउँदै अगाडि बढ्ने चाहनाले नै यो समाजवादी मोर्चा जन्माएको हो भन्नेमा कुनै विवाद छैन । अहिले सत्तासमीकरणमा कुनै फेरबदल आएका कारणले वा आउन खोजेका कारणले यो मोर्चा बनेको छैन । यसैले समाजवादी मोर्चाले नेपाली विशेषताको समाजवाद निर्माणका लागि व्यापक बहस सिर्जना गर्ने र सहकार्यको दायरालाई बढाउँदै लैजाने सङ्कल्पलाई अगाडि बढाउनै पर्दछ । यसो गर्न सक्दा मात्रै नेपालका समाजवादी शक्तिहरू झनै एकताबद्ध हुने र सहकार्यको दायरा फराकिलो हुने अवस्था आउने छ ।

मोर्चा एक साझा मञ्च हो । साझा काम गर्दै आ-आफ्ना राजनीतिक-साङ्गठनिक र वैचारिक काम गर्न सबै पार्टी स्वतन्त्र छन् । मोर्चागत सहकार्यलाई सही तरिकाले अगाडि बढाउन चाहने दलले अवश्यमेव संगठन विस्तार गर्न सक्ने छन् ।

मोर्चा बन्दैमा भर्खरै पार्टी एकता भइहाल्ने पनि हैन, हतारिएर एकता गर्नु पनि हुँदैन । मोर्चामा सामेल सबै दलमा थोरै वा धेरै अवसरवादी प्रवृत्ति छन् । मात्रामा घटिबढी होला विकृति सबै दलमा छन् । सबै दलले आफूभित्रका विकृति-विसङ्गतिका विरुद्ध आफैभित्र संघर्ष गर्नै पर्दछ । जनता अन्तिम मौका दिने अवस्थामा अवश्य छन् । यो मोर्चा नेताहरूको अस्तित्व जोगाउन हैन, समाजवादी विचारको प्रचार-प्रसारका लागि बनेको छ । यसैले मोर्चामा अहिले समावेश नभएका कम्युनिस्ट तथा प्रगतिशील शक्तिहरू यसमा समावेश भएमा नेपाली विशेषताको समाजवाद निर्माणको विमर्शलाई अझै अगाडि बढाउन सकिने छ । मोर्चामा सामेल दलहरूले अन्य दललाई समेट्न अवश्य पनि ठुलो छाती देखाउनु पर्दछ । आ-आफ्ना अहम्का कारणले अन्य कम्युनिस्ट तथा समाजवादी दललाई समेट्न कन्जुस्याइँ गर्नु हुँदैन । समाजवादी मोर्चामा सामेल दलहरूको जनताप्रतिको जिम्मेवार व्यवहार र कार्यशैलीले मात्रै उठेका प्रश्न र आलोचनाहरूको उत्तर दिन सक्ने छन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
कॉंकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव

वृष — आज सहकर्मीबाट विरोध आउला । चोटपटकको भय छ सचेत रहनुहोला ।

मिथुन — आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ ।

कर्कट — राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।

सिंह — आज नयाँ योजना बनाउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

कन्या — स्वास्थ्यप्रति सजग रहन आवश्यक छ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।

तुला — आज सहयोग मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

वृश्चिक — स्वादिष्ट सुखद् भोजन मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला ।

धनु — पूजापाठमा मन जानेछ । मनोरञ्जन पूर्वक दिन बित्नेछ ।

मकर — प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ ।

कुम्भ — आज श्रद्धा र भक्ति बढ्नेछ । महत्वपूर्ण कामको थालनी हुनेछ ।

मिन — नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ । धार्मिक काम र भक्तिभाव बढ्नेछ ।